# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ५, संख्या ८ | २०७८ पौष १९ गते | विक्री मुल्य रू. ०।००


## भाग २

### स्थानीय सरकार

## विदुर नगरपालिका

### विदुर, नुवाकोट

### बागमती प्रदेश, नेपाल

***नगर सभाबाट स्वीकृत मिति: २०७८।०९।०९***

# विदुर नगरपालिका शिक्षा नियमावली दोस्रो संशोधन, २०७८

## विदुर नगरपालिका शिक्षा नियमावली दोस्रो संशोधन, २०७८

| नियमावलीको दफा/उपदफा | हालको व्यवस्था | संशोधन हुनुपर्ने ब्यहोरा | कारण/औचित्य |
|---|---|---|---|
| नियम १९ को उपदफा १ | कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरुहुनुभन्दा कम्तिमा २ महिना अगावै नगर कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ । | कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरुहुनुभन्दा कम्तिमा २ महिना अगावै शिक्षा शाखा समक्ष निवेदन दिनुपर्नेछ । | सम्बन्धित शाखाबाट कार्यपालिकामा पेश गर्नुपर्ने भएकोले । |
| नियम १९ को उपदफा २ | उपनियम (१) बमोजिम निवेदन परेमा नगरपालिकाले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पुरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाईदिनेछ ।शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पुरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिश अनुसार नगर कार्यपालिकाले शैक्षिक सत्र शुरु हुनु अगाबै कक्षा थप गर्न अनुमति दिन सक्नेछ । | उपनियम (१) बमोजिम निवेदन परेमा थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पुरा भए वा नभएको सम्बन्धमा शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पुरा गरेको देखिएमा कक्षा थप गर्ने निर्णयको निमित्त शिक्षा समितिमा पेश गर्नेछ । पेश हुन आएका विद्यालयहरुमा शैक्षिक सत्र शुरु हुनु अगावै शिक्षा समितिले कक्षा १० सम्मका लागि कक्षा थप गर्न अनुमति दिन सक्नेछ । | निर्णय प्रकृयालाई छिटो र सहज बनाउँन आवश्यक भएकोले । |
| नियम १९ को उपनियम (३) | उपनियम (२ )मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा ११ र १२ कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा नगरसभाले दिनेछ। | उपनियम (२ )मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा ११ र १२ कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा नगरकार्यपालिकाले दिनेछ । | निर्णय प्रकृयालाई छिटो र सहज बनाउँन आवश्यक भएकोले । |
| नियम २२को (ज्ञ) | नगरकार्यपालिका,राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने | नगरकार्यपालिका,राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित केन्द्रिय निकायहरु तथा प्रदेश स्तरका निकायहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने । | प्रदेश स्तरलाई समेटनु पर्ने र समन्वय गर्नुपर्ने भएकोले । |
| नियम २२ को (ज्ञ१) थप गर्ने | | युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रमहरु निर्माण गरी कार्यपालिका समक्ष पेश गर्ने र पारित गराई कार्यान्वयन गर्ने,गराउने । | युवा तथा खेलकुदको क्षेत्र छुट हुन गएकोले |
| नियम २२ को (ज्ञ२)थप गर्ने | | युवा तथा खेलकुद सँग सम्बन्धित संघीय तथा प्रदेश स्तरका निकायहरुसँग समन्वय गर्ने । | छुट हुन गएकोले |

प्रमाणिकरण मिति: २०७८।०९।१९

आज्ञाले
मोहन प्रसाद मरासिनी
(प्रमुख प्रशासकीय अधिकृत)